"पर्यटकीय नगरी"

# सूर्योदय नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

प.सं. ०७६/७७ /सहकारी संघ/ संस्था
च.नं.

फिक्कल, इलाम
१ नं. प्रदेश, नेपाल।

मिति : २०७७/०२/२०

**साना किसान, कृषि र चिया सहकारी संस्था लि. बाट चिया उद्योग स्थापना गर्दा बैंक एवम् वित्तीय संस्था, सहकारी संस्थाबाट लिएको ऋणमा भुक्तानी गर्नुपर्ने व्याज अनुदान उपलब्ध गराउने सम्बन्धमा चिया उत्पादक साना किसान, कृषि र चिया सहकारीसंस्थाहरुलाई प्रस्ताव आह्वान सम्बन्धी अत्यन्त जरुरी सूचना।**

**(प्रथम पटक प्रकाशन मिति २०७६/०२/२१)**

सूर्योदय नगरपालिकाको नगरसभाबाट पारित, सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, फिक्कल, इलामको आ.व. ०७६।०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सहकारी संस्थाबाट चिया उद्योग स्थापना गर्दा साना किसान, कृषि र चिया सहकारी संस्थाले भुक्तानी गर्नुपर्ने बैंक व्याजमा अनुदान सम्बन्धी कार्यकम रहकोले सूर्योदय नगरपालिका क्षेत्रका साना किसान, कृषि र चिया सहकारी संस्थाहरुले सूर्योदय नगर कार्यपालिकावाट स्वीकृत उत्पादनमुलक सहकारी संघ संस्थाहरुलाई अनुदान सहयोग उपलव्ध गराउने तथा छुट सुविधा सिफारिस सम्वन्धी निर्देशिका २०७५ को दफा ३को उपदफा (४) र दफा ४ (१) को खण्ड (क) बमोजिम चिया उद्योग स्थापना गर्दा वैंक एवम वित्तीय संस्था र सहकारी संस्थावाट लिएको ऋणमा भुक्तानी गर्नुपर्ने व्याज अनुदान प्राप्त गर्नका लागि सूर्योदय नगर कार्यपालिकावाट स्वीकृत उत्पादनमूलक सहकारी संघ / संस्थाहरुलाई अनुदान सहयोग उपलव्ध गराउने तथा छुट सुविधा सिफारिस सम्वन्धी निर्देशिका २०७५ को परिच्छेद ३ को दफा ९ (१) बमोजिम देहायमा उल्लिखित रीत प्रकिया र शर्तहरु पालना गर्ने गरी साथै देहायमा उल्लेखित कागजातहरु पेश गर्ने गरी यो सूचना सूर्योदय नगरपालिका, नगरकार्यपालिकाको कार्यालयमा प्रकाशित भएको मितिले वा स्थानीय वा राष्ट्रियय स्तरको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा सूर्योदय नगर कार्यपालिकाको कार्यालयमा निर्धारित ढाँचामा प्रस्ताव सहित दरखास्त निवेदन पेश गर्नुहुन सूर्योदय नगरपालिका क्षेत्रका चिया उद्योग स्थापना गर्दा वैंक एवम् वित्तीय संस्था, सहकारी संस्थाबाट लिएको ऋणमा भुक्तानी गर्नु पर्ने व्याज अनुदान प्राप्त गर्ने सम्वन्धित सरोकारवाला साना किसान, कृषि र चिया सहकारी संस्थाहरुलाई सार्वजनिक रुपमा यो सूचना प्रकाशित गरी सूचित गरिन्छ। यस सम्वन्धमा कुनै स्पष्ट नभएका कुराहरु बुझ्न परेमा कार्यालय समयमा सुर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ। म्याद नाघी आएको प्रस्ताव सहितको दरखास्त निवेदन र देहायका उल्लिखित रीत प्रकिया नपुगेको र शर्तहरु पुरा नभएको साथै देहायमा उल्लेखित कागजातहरु पेश नभएको निवेदन उपर कुनै कार्यवाही हुने छैन। यस सम्वन्धी सूचना सूर्योदय नगरपालिकाको वेबसाइट www.suryodayamun.gov.np बाट पनि हेर्न सकिनेछ। इमेल र हुलाकबाट पठाइएको दरखास्त निवेदन दर्ता गरिने छैन।

## देहाय: दरखास्त निवेदन र प्रस्तावसाथ पुर्याउनु पर्ने रित प्रक्रिया, पालना गर्नुपर्ने शर्तहरु र पेश गर्नुपर्ने कागजातहरु

१. साना किसान,कृषि र चिया सहकारी संस्था लि. वाट सर्योदय न.पा. क्षेत्रमा चिया उद्योग स्थापना गर्दा वैंक एवम् वित्तीय संस्था सहकारी संस्थावाट लिएका ऋणमा भुक्तानी गर्नुपर्ने व्याज अनुदान प्राप्त गर्न साना किसान, कृषि र चिया सहकारी संस्थाहरुवाट नियमानुसार लिएको वास्तविक यथार्थ सामुहिक ऋणको विवरण पछिसम्म फरक

नपर्ने गरी यथार्थ रुपमा प्रमाणसहित सङ्कलन गरी प्रस्ताव सहित, सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा निर्धारित समयभित्र दरखास्त निवेदन पेश गर्नुपर्ने छ।

२. साना किसान, कृषि र चिया सहकारी संस्था लि. हरु वाट सूर्योदय न पा. क्षेत्रमा चिया उद्योग स्थापना गर्दा वैंक एवम् वित्तीय संस्था तथा सहकारी संस्थावाट लिएको ऋणमा भुक्तानी गर्नुपर्ने व्याज अनुदान प्राप्त गर्ने साना किसान,कृषि र चिया सहकारी संस्थाहरुले सूर्योदय नगरपालिकाबाट स्वीकृत उत्पादनमूलक सहकारी संघ / संस्थाहरुलाई अनुदान सहयोग उपलब्ध गराउने तथा सुविधा सिफारिस सम्वन्धी निर्देशिका, २०७५ को परिच्छेद ३ को दफा ११ संग सम्बन्धित अनुसूची २ बमोजिमको निर्धारित ढाँचामा परियोजनाको संक्षिप्त विवरण सहितको प्रस्ताव अनुसूची १ बमोजिम निर्धारित ढाँचामा परियोजनाको दरखास्त निवेदन सूर्योदय नगर कार्यपालिकाको कार्यालयमा पेश गरी दर्ता गर्नु पर्ने छ। निवेदन, दरखास्तको नमुना ढाँचा सूर्योदय नगर कार्यपालिकाको कार्यालय वा सम्बन्धित वडा कार्यालयवाट रु ३००/- दस्तुर शुल्क तिरी प्राप्त गर्न सकिनेछ।

३. सूर्योदय न पा. क्षेत्रका साना किसान, कृषि र चिया सहकारी संस्था लि.वाट सूर्योदय न.पा क्षेत्रमा चिया उद्योग स्थापना गर्दा बैंक एवम् वित्तीय संस्था तथा सहकारी संस्थावाट लिएका ऋणमा भुक्तानी गर्नुपर्ने व्याज अनुदान प्राप्त गर्ने साना किसान, कृषि र चिया सहकारी संस्थाहरुले सूर्योदय नगर कार्यपालिकावाट स्वीकृत उत्पादनमूलक सहकारी संघ संस्थाहरुलाई अनुदान सहयोग उपलव्ध गराउने तथा छुट सुविधा सिफारिस सम्वन्धी निर्देशिका २०७५ को परिच्छेद ३ को दफा ११ संग सम्बन्धित अनुसूची २ बमोजिम निर्धारित ढाँचाको परियोजनाको संक्षिप्त विवरण सहितको प्रस्ताव र अनुसूची १ बमोजिम निर्धारित ढाँचाको दरखास्त निवेदन साथ सूचनामा तोकिएको समयावधिभित्र माथि उल्लेखित निर्देशिका, २०७५ को दफा ११ बमोजिम निम्न कागजातहरु अनिवार्य पेश गर्नुपर्नेछ।

४. साना किसान, कृषि र चिया सहकारीसंस्थावाट सूर्योदय नगरपालिका क्षेत्रमा स्थापना भएको उद्योगले आफनै सदस्यहरुवाट मात्र हरियो चिया संकलन गर्ने र अर्ग्यानिक उत्पादनतर्फ उन्मुख भएका उद्योगहरुको निम्ति मात्र यो व्याज अनुदान प्रदान गरिनेछ।

**निम्न**

क. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि

ख. संस्था स्वीकृत विनियमको प्रतिलिपि

ग. आ.व. ०७५/७६ सम्मको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि र बैंक स्टेटमेण्ट

घ. संस्थाले नियमानुसार कर चुक्ता गरेको वा कर तिरेको प्रमाण पत्रको प्रतिलिपि

ङ. संस्थाको आ.व. ०७६/७७ को पछिल्लो साधारणसभाबाट माथि बुँदा नं. १ र २ मा भए बमोजिमका साना किसान, कृषि र चिया सहकारी संस्थाले चिया उद्योग स्थापना गर्दा बैंक एवम् वित्तीय संस्थाबाट वा सहकारी संस्थाबाट लिएको ऋणमा भुक्तानी गर्नुपर्ने व्याज अनुदान प्राप्त गर्ने सम्बन्धमा संस्थाको साधारण सभाबाट सूर्योदय नगरपालिकामा अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि र संस्थाको सञ्चालक समितिबाट भएका निर्णयको प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ। यदि साधारण सभाबाट व्याज अनुदान माग गर्ने सम्बन्धमा निर्णय नभएको अवस्थामा दरखास्त निवेदन सहितको प्रस्ताव स्वीकृत हुनेछैन।

च. सूर्योदय नगरपालिकाबाट स्वीकृत उत्पादन मुलक सहकारी संघ/संस्थाहरुलाई अनुदान सहयोग उपलब्ध गराउने तथा छुट सुविधा सिफारिस सम्बन्धी निर्देशिका २०७५ को दफा ११ संग सम्बन्धित अनुसूची १ बमोजिमको निर्धारित ढाँचाको दरखास्त निवेदन र निवेदनको साथ अनुसूची २ बमोजिमको संक्षिप्त विवरण सहितको निर्धारित ढाँचाको परियोजना प्रस्ताव

छ. परियोजना प्रस्तावमा लगानीको लागि चिया उत्पादक साना किसान, कृषि र चिया सहकारी संस्थावाट परिचालन गरिने गरिएका रकमको स्रोत,

ज. चिया उद्योग स्थापना गर्दा वैंक एवम् वित्तीय संस्थावाट वा सहकारी संस्थावाट लिएको ऋणमा भुक्तानी गर्नुपर्ने व्याज अनुदान प्राप्त गर्ने सहकारी संस्थाको नियमित रुपमा साधारण सभा सम्पन्न भएको, नियमित रुपमा लेखापरीक्षण सम्पन्न भएको निर्धारित समयमा सञ्चालक समिति तथा लेखा तथा सूपरीबेक्षण समितिको निर्वाचन भएको, यस भन्दा अगाडी कुनै निकाय संस्थाबाट लिएको अनुदानको सहि सदुपयोग भएको, संस्थाले कार्यक्षेत्रभित्र र संस्थाको शेयर सदस्य संग मात्र कारोबार गरेको, नियमित सञ्चालक समितिको बैठक र बैठक संख्या नियमित भएको, लेखा तथा सूपरीबेक्षण समिति सक्रिय रही कम्तिमा ४ पटक बैठक बसेको, लेखा तथा सूपरीबेक्षण समितिको प्रतिवेदन सञ्चालक समिति मार्फत साधारण सभामा पेश भएको हुनु पर्नेछ। साथै सदस्य केन्द्रित भई संस्था नियमित रुपमा सञ्चालन भएको हुनु पर्नेछ र संस्थाको आम्दानी/ खर्च हिसाबकिताबमा र वासलात, सन्तुलन परीक्षण, हिसाब परीक्षण सूचीमा चिया उद्योग स्थापना गर्दा ऋण लिएको श्रेष्ता हिसाबकिताब स्पष्ट देखिएको हुनु पर्नेछ।

झ. माथि उल्लेख भए वमोजिम साना किसान, कृषि र चिया सहकारी संस्थाले चिया उधोग स्थापना गर्दा लिएको ऋणमा भुक्तानी गर्नुपर्ने व्याज अनुदान प्राप्त गर्न प्रस्ताव सहित व्याज अनुदान माग गर्ने सहकारी संस्थाका सञ्चालक समितिका पदाधिकारीहरुको ना.प्र.नं. सहित ३ पुस्ते विवरण, सम्पर्क मोवाइल, टे.नं. सहितको ठेगाना विवरण दरखास्त निवेदन सहित प्रस्तावनामा उल्लेख गर्नु पर्नेछ।

ञ. चिया उद्योग स्थापना गर्दा वैंक एवम् वित्तीय संस्थाबाट वा सहकारी संस्थाबाट लिएको ऋणमा भुक्तानी गर्नुपर्ने व्याज अनुदान पाप्त गर्ने साना किसान, कृषि र चिया सहकारी संस्थाले संस्थाको तर्फवाट नियमानुसार कर चुक्ता गरेको प्रमाण र सहकारी संस्थाका सम्पर्ण संचालक तथा लेखासमितिका सदस्यहरुले सुर्योदय नगरपालिकालाई यस आ.व. ०७६।७७ सम्ममा बुझाउनुपर्ने सम्पति कर, भूमिकर, व्यवसाय कर लगायत सवै कर शुल्क दस्तुर र यस आ.व. ०७६।०७७ भन्दा अगाडिका आ.व हरुमा नियमानुसार तिर्न बुझाउन वाँकी बक्यौता, कर दस्तुर शुल्क सबै अनिवार्य बुझाएको हुनुपर्नेछ। अन्यथा दरखास्त निवेदन सहितको प्रस्ताव स्वीकृत हुने छैन।

ट. सहकारी संस्थाले हालसम्म उपलब्ध गराएको रोजगारी संख्या, सस्थाका सञ्चालक समिति र शेयर सदस्यको संख्या, दलित, आदिवासी जनजाति, महिला, सीमान्तकृत सङ्ख्या उल्लेख गर्नुपर्ने साथै सम्वन्धित व्याज अनुदान प्राप्त गर्ने सम्वन्धमा जिल्ला सहकारी संघ र विषयगत जिल्ला सहकारी संघको सिफारिस संलग्न हुनु पर्नेछ।

५. माथि उल्लेखित भए वमोजिम व्याज अनुदान प्राप्त गर्न सहकारी संस्थाको मुख्य कारोवार चिया उत्पादन प्रशोधन र बजारीकरणमा केन्द्रित भएको हुनुपर्नेछ।

६. चिया उद्योग स्थापना गर्दा वैंक एवम वित्तीय संस्थावाट वा सहकारी संस्थावाट लिएको ऋणमा भुक्तानी गर्नुपर्ने व्याज अनुदान प्राप्त गर्ने साना किसान, कृषि र चिया सहकारी संस्थाहरुबाट रीत पूर्वकको परियोजना प्रस्ताव सहित दरखास्त निवेदन प्राप्त भएपछी सूर्योदय नगर कार्यपालिकाबाट स्वीकृत उत्पादनमुलक सहकारी संघ/ संस्थाहरुलाई अनुदान सहयोग उपलब्ध गराउने तथा छुट सुविधा सिफारिस सम्बन्धी निर्देशिका, २०७५ को दफा १३ बमोजिम प्रारम्भिक छानविन गरी सोही निर्देशिकाको दफा १४ बमोजिमको प्रस्ताव मुल्याङ्कन समितिमा सिफारिस गरिनेछ। सूर्योदय नगर कार्यपालिकाबाट स्वीकृत उत्पादनमुलक सहकारी संस्थाहरुलाई अनुदान सहयोग उपलब्ध गराउने छुट सुविधा सिफारिस सम्बन्धी निर्देशिका, २०७५ को दफा १४ (२)

अनुसारको अनुसूची ४ बमोजिम प्रस्ताव मूल्याङ्कनको प्रमुख आधारहरु जस्तै सदस्य केन्द्रित, परियोजनाबाट सिर्जना हुने, रोजगारी, सिमान्तकृत समुदायको सहभागिता, महिला सहभागिता, भौगोलिक अवस्था, सिर्जनात्मक तथा उद्यमशिलता र प्रमुख आधारहरुसंग सम्वन्धित अन्य सहायक आधारहरुको आधारमा अंक प्रदान गरी प्रस्ताव मुल्याङ्कन समितिवाट मूल्यांकन गरी निर्देशन समितिमा पेश गरिनेछ र प्रस्ताव मुल्याङ्कन समितिवाट सिफारिस भई आएका प्रस्ताव उपर निर्देशन समितिमा छलफल र निर्णय गरी स्वीकृत गरिनेछ। निर्देशन समितिले प्रस्ताव स्वीकृत गरेपश्चात् नियमानुसार सम्झौता गरी माथि उल्लेखित सहकारी संस्थाहरुलाई सम्झौता बमोजिम भुक्तानी गर्नुपर्ने व्याज अनुदान संस्थाका खातामा उपलव्ध गराउनेछ।

७. सूर्योदय नगरपालिकावाट स्वीकृत उत्पादनमुलक सहकारी संस्थाहरुलाई अनुदान सहयोग उपलब्ध गराउने छुट सुविधा सिफारिस सम्वन्धी निर्दाशिका २०७५ का दफा १५ बमोजिमको निर्देशन समितिले व्याज अनुदान उपलब्ध गराउने सम्वन्धमा प्रस्ताव मूल्याङ्कन समितिबाट सिफारिस भइ आएका प्रस्तावहरु जस्ताको तस्तै स्वीकृत गर्न वा थपघट गरी स्वीकत गर्न वा अन्य आवश्यक शर्तसहित स्वीकृत गर्न वा पुनःमुल्याङ्कनको लागि फिर्ता पठाउन सक्ने वा व्याज अनुदान दिने ? नदिने ? सम्वन्धमा निर्णय गर्ने अधिकार निर्देशन समितिमा सूरक्षित रहनेछ।

८. माथि उल्लेख भए वमोजिम भुक्तानी दिनुपर्ने व्याज अनुदानको स्वीकृत रकम सम्बन्धित वैंक वा वित्तीय संस्था वा सहकारी संस्थावाट ऋण लिएको प्रमाण वा निर्देशन समितिबाट निर्णय भए वमोजिम सम्झौताको आधारमा भुक्तानी गरिनेछ।

९. यस सूचनामा उल्लेख भएका विषयहरु यसै सूचना वमोजिम हुनेछ र सूचनामा उल्लेख नभएका विषयहरु प्रचलित ऐन नियम वमोजिम साथै सूर्योदय नगरपलिका बाट स्वीकृत उत्पादनमूलक सहकारी संस्थाहरुलाई अनुदान सहयोग उपलब्ध गराउने छुट सविधा सिफारिस सम्वन्धी निर्देशिका २०७५ मा उल्लेख भए बमोजिम हुनेछ।

१०. यस सम्बन्धमा थप कुरा बुझ्न परेमा कार्यालय समयमा सू.न.पा. आर्थिक विकास समितिका संयोजक वा सूचना अधिकारी एवम् प्रशासकीय अधिकृत वा प्रमुख प्रशासकीय अधिकृत साथै उधोग अधिकृत वा सहकारी शाखा प्रमुख समक्ष सम्पर्क गरी वुझ्न सकिनेछ।

(सम्पर्क फोन नं. : ९८५२६८०९२८, ९८५२६८०१५०, ९८५२६६२१११,९८४२१०९५०८,९८४२७३५३६०)

जय सहकारी !

२०७६/२/२०

प्रकाशराज पौडेल

प्रमुख प्रशासकीय अधिकृत